CCPR/C/125/D/2556/2015

Distr.: General

२२ मई, २०१९

मूल प्रति : अंग्रेजी

संयुक्त राष्ट्रसंघ

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध

मानव अधिकार समिति

निवेदन नं. २५५६/२०१५ सँग सम्बन्धित ऐच्छिक आलेख/प्रोटोकलको धारा ५(४) अन्तर्गत समितिबाट ग्रहण गरिएको दृष्टिकोण*, **, ***

| | |
|---|---|
| निवेदक | फूलमती न्याय (ट्रायल इन्टरनेशनलद्वारा प्रतिनिधित्व गरिएको) |
| पीडित | निवेदक |
| पक्ष राष्ट्र | नेपाल |
| निवेदन गरिएको मिति | २० जुन २०१४ (६ असार २०७१) |
| दस्तावेज सन्दर्भहरू | समितिको कार्यविधि नियमको नियम ९७ बमोजिम लिइएको निर्णय, राज्य पक्षलाई २७ जनवरी २०१५ (१३ माघ २०७१) मा संचारित गरिएको (दस्तावेज स्वरूपमा जारी नगरिएको) । |
| ग्राहयता सम्बन्धि निर्णय | सन् १८ मार्च २०१९ (४ चैत २०७४) |
| विषयवस्तु | सेना र प्रहरी अधिकारीहरूबाट शंकास्पद माओवादी बाल समर्थकको स्वेच्छाचारी पक्राउ, यातना र जबरजस्ती श्रम । |
| प्रक्रियात्मक सवालहरू | उपलब्ध राष्ट्रिय उपचारको उपभोग नभएको |
| सारभूत सवालहरू | यातना तथा क्रुरता, अमानवीय र अपमानजनक व्यवहारको निषेध; जबरजस्ती श्रमको निषेध; व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार; व्यक्तिको अन्तर्निहित मानवीय आत्मसम्मानको कदर, गैरविभेद, कानुनी व्यक्तिको रूपमा पहिचान; व्यक्तिको निजी तथा पारिवारिक जीवनमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेपहरू विरुद्दको अधिकार, बालबालिकाको रूपमा विशेष संरक्षणको अधिकार र प्रभावकारी कानुनी उपचारको अधिकार । |
| अनुबन्धको धाराहरू | २, ३, ७, ८(३) (क), ९, १० (१), १७, २३ (१), २४ (१) र २६ |
| स्वैच्छिक आलेखको धाराहरू | ५ (२) ख) |

*समितिबाट यसको १२५औं सेसनमा ग्रहण गरिएको (सन् २०१९ मार्च ४-२९) ।

**यस निवेदनको परीक्षणमा यस समितिबाट देहायका सदस्यहरूको सहभागिता थियो : तानिया मारिया, अब्दो रोचोल, याध बेन अचौर, इल्जे ब्रन्ड्स केहरिस, क्रिस्टोफर अरिफ बुल्कान, अहमत अमिन

फाथाल्ला, शुइची फुरुया, क्रिस्टोफ हेयन्स, बामारियम कोइता, मार्सिया भीजे कर्ण, डन्कन लाकी मुहुममुजा, फोटिनी पाजार्टजिस, हर्नन क्वेजादा, भासिल्का सान्सिन, जोसे म्यानुअल सान्तोस पैस, युभल शानी, हेलेन ट्रिग्जरोजा, एन्ड्रियास जिमरम्यान र जेन्टियन जाइबेरी ।

समिति सदस्य जोसे म्यानुअल सान्तोस पैसको भिन्न राय (आंशिक मेल खाने) यस वर्तमान दृष्टिकोण/मतको अनुसूचीमा राखिएको छ ।

१.१ यस निवेदनको निवेदक नेपालको नागरिक फूलमती न्याया[१] हुन् । उनको जन्म सन् १९८७ मा भएको हो र आदिवासी थारु समुदायको एक सदस्य हुन् । उनको दाबी छ कि राज्य पक्षले यस अनुबन्धको धारा २, ३, ७, ८(३) (क), ९, १० (१), १७, २३ (१), २४ (१) र २६ अन्तर्गतका उनको अधिकारहरूको उल्लंघन गरेको छ । यस राज्यको लागि स्वैच्छिक आलेख सन् १९९१ मे महिनाको १४ देखि लागू भएको हो ।

१.२ सन् २०१५ जनवरी २७ मा यस समितिले नयाँ मुद्दा र अन्तरिम उपाय कार्यवाहीहरूमा यसको विशेष दूतको माध्यमबाट कार्य गर्दै समितिको कार्यविधि नियमको नियम ९७ बमोजिम यस निवेदनका साथै विषयवस्तुको विश्लेषण (merits) भन्दा ग्राह्यताको परीक्षण गर्ने निर्णय गरेको थियो ।

**निवेदकद्धारा प्रस्तुत तथ्यहरू**

२.१ निवेदकले उल्लेख गरेकी छिन् कि यस वर्तमान मुद्दाको तथ्यहरूलाई नेपालमा भएको दशकौं लामो (२०५२ देखि २०६२ सम्म) सशस्त्र द्वन्द्वको सन्दर्भमा अध्ययन गरिनुपर्छ ।

२.२ निवेदकको जन्म नेपालको सुदूर पश्चिममा रहेको कैलाली जिल्लामा भएको हो । सन् २००२ अप्रिल २ मा जब निवेदक १४ वर्षकी भएकी थिइन्[२] त्योबेला शाही नेपाली सेना र सशस्त्र प्रहरीका[३] ३०० सदस्यहरू कथित/आरोपित माओवादीहरू खोज्दै उनको गाउँमा प्रवेश गरे । सेनाहरूले निवेदकलाई माओबादी पार्टीमा अघिल्लो वर्ष आबद्ध भएकी उनको दिदी कान्तीमती[४] भन्ठाने र उनलाई पक्राउ गरे । उनलाई घिसारेर ट्रकमा लगियो र त्यहाँ उनको आँखामा पट्टी बाँधी, हातमा हतकडी लगाएर उनलाई कैलालीको बनबेहडा स्थित सशस्त्र प्रहरी बलको बाकिमालिका गणमा पुर्‍याइयो । ट्रकम निवेदकलाई ६ देखि ७ जना सेनाको समूहले यौनजन्य रूपमा आक्रमण गरे, उनीहरूले उनको

[१] यस वर्तमान निवेदनको लागि निवेदकले परिवर्तित नाम प्रयोग गरेकी छिन् ।

[२] त्यस समयमा निवेदक कक्षा आठमा पढ्दै थिइन् ।

[३] सशस्त्र प्रहरी बल शाही नेपाली सेनाको परिचालन नियन्त्रणमा रहने गरी नेपाल सरकारले अध्यादेशमार्फत् स्थापना गरेको एउटा अर्धसैन्य प्रहरी बल हो ।

[४] परिवर्तित नाम

शरीरको विभिन्न भागहरूमा हात लगाए, उनको स्तन, तिघ्रा र शरीरको तल्लो भागमा समाते । सोही दिन सुरक्षा फौजले उनको साथी जुनकिरीलाई[५] पनि पक्राउ गऱ्यो ।

२.३ त्यस दिनको पछिल्लो समयमा निवेदक र अन्य बन्दीहरूलाई ठेघरीमा रहेको सेनाको ब्यारेकमा लगियो । निवेदकलाई कसैसँग सम्पर्क गर्न नपाउने गरी एकान्त स्थानमा लगेर बन्दी अवस्थामा राखियो । उनको हिरासत/नजरबन्दको पहिलो नौ दिनको समयमा उनी अन्य ८० देखि ९० जना महिला र पुरुष दुवै बन्दीहरूसँग अत्यन्त फोहर अवस्थामा रहेको एउटा ठूलो हलमा रहिन् । उनले पर्याप्त पेटभरि खान पाउँदिन थिइन् । सेनाको मेजरले सबै बन्दीहरूलाई एक एक गरी अन्तवार्ताको लागि उनको कार्यालयमा ल्याउन सिपाहीहरूलाई आदेश दिए । चार दिनसम्म उनलाई नियमित रूपमा हलबाट यस प्रकारको अन्तर्वार्ताको लागि लगियो । दिनको दुईदेखि तीनपटक सम्म सोधपुछ हुने गर्दथ्यो । यो सामान्यतया साँझको बेला हुने गर्थ्यो र धेरैजसो समय उनको आँखामा पट्टी बाँधिएको हुथ्यो ।

२.४ उनको हिरासत/नजरबन्दको समयमा उनको बलात्कार गरियो र जबरजस्ती नङ्ग्याउने, उनको योनीमा विभिन्न वस्तु घुसार्ने र अन्य यौन उत्पीडन जस्ता यौन हिंसाका विभिन्न स्वरूपहरूबाट गुज्रनु पऱ्यो । त्यहाँ उनलाई पिट्ने, लात्ताले हान्ने, मुड्कीले हान्ने, लामो समयसम्म आँखामा पट्टी बाँधेर र हातमा हतकडी लगाएर राख्ने, धम्क्याउने, अपमान गर्ने र अपमानजनक भाषा प्रयोग गर्ने र जबरजस्ती कबुल गर्न लगाउने जस्ता अमानवीय कार्य गरियो । बलात्कारपछि उनले पिसाब फेर्न सकिनन् र अत्याधिक रगत बगिरहेको थियो । रगत बहने अवस्था एक हप्तासम्म रह्यो र उनले कुनै पनि मेडिकल सहायता वा उपचार पाइनन् । उनलाई बलात्कार गर्ने सेनाको मेजरले यो कुरा उनले कसैलाई भनेमा उनलाई मारिदिने धम्की दिए ।

२.५ निवेदकलाई टेघरीमा रहेको सेनाको उक्त ब्यारेकमा सन् २००२ को अप्रिल २ देखि ११ सम्म हिरासतमा राखियो । त्यसपछि उनलाई उनको साथी जुनकिरीसँगै बनबेहडामा रहेको सशस्त्र प्रहरी बलको बाकीमालिका गणमा पुनः स्थानान्तरण गरियो । उनीहरूलाई झ्याल नभएको धेरै सानो अँध्यारो कोठामा बन्दी बनाएर राखिएको थियो । कोठामा ओढ्ने, ओछ्याउने वा सुत्ने व्यवस्था थिएन । त्यस समय अवधिमा उनलाई फेरि बलात्कार गरिनुको साथै यौन हिंसाका अन्य स्वरूपहरूबाट उत्पीडन/प्रताडित गरियो । प्रहरी उपरीक्षकले सँधै दिउँसोको समयमा उनलाई सोधपुछको लागि बोलाउँथे र उक्त उपरीक्षकसँग तीनदेखि चार दिनसम्मको भेटपछि उपरीक्षकले उनको आँखामा बाँधिएको पट्टी हटाउन लगाए । यसबाहेक, निवेदकसहित अन्य महिला बन्दीहरूलाई गाली गलौज गरिन्थ्यो र ब्यारेकमा इँटा र बालुवा बोक्ने, मन्दिरको निर्माणका लागि सिमेन्ट घोल्न लगाउने र बगैंचामा पानी हाल्ने जस्ता काममा जबरजस्ती लगाइन्थ्यो ।

[५] परिवर्तित नाम

२.६ उनलाई हिरासतमा लिइएको करिब डेढ महिनासम्म निवेदकको बुबा हिराबहादुर[६] सशस्त्र प्रहरी बलको ब्यारेक धाए र बन्दी बनाएर राखिने विभिन्न स्थानहरूमा उनलाई खोज्दाखोज्दा अन्त्यमा उनलाई फेला पारे । उनले छोरीलाई हिरासत मुक्त गराउनको लागि ५० हजार रूपैयाँ जम्मा गर्नु पर्‍यो । सन् २००२ जुन १३ वा १४ मा निवेदक र उनको साथी जुनकिरीलाई मुक्त गरियो, तर माओवादी गतिविधिहरूको बारेमा रिपोर्ट गर्न बेलाबेलामा आइरहन भनियो । उनीहरूले नौ महिनासम्म बेलाबेलामा गएर रिपोर्ट गर्दथे र उनीहरूले यो कार्य सन् २००३ को मार्चसम्म गरे । कहिलेकाहीं उनीहरूको रिपोर्टहरूको रेकर्डिङ गर्ने प्रहरी अधिकारीहरूले उनीहरूको शरीरमा हात लगाउँदै र अश्लील/अपशब्द बोल्दै उनीहरूमाथि दुर्व्यवहार गर्दथे । केहीसमयपछी, पिट्ने कार्य रोकियो तर तिनीहरूलाई कहिलेकाहीं बगैंचामा पानी हाल्न आदेश दिइन्थ्यो । प्रहरीले उनीहरूलाई रिपोर्ट गर्ने कुनै दिन छुटाएमा मारिदिने धम्की दिन्थे । त्यसपछि रिपोर्ट गर्नुपर्ने मिति हरेक सात दिनमा तय गरियो र त्यसपछि १५ दिन र त्यसपछि कुनै पनि दिनमा रिपोर्ट गर्नुपर्ने भनियो । अन्तमा उनीहरूलाई रिपोर्ट गर्न भनिएन ।

२.७ सन् २००२ को जुनमा निवेदक आफ्नो गाउँ फर्किइन् र आफूलाई सामाजिक रूपमा बहिष्कार गरेको पाइन् । महिला बन्दीहरूप्रति सुरक्षा फौजहरूले गर्ने व्यवहारका बारेमा अवगत रहेका गाउँलेहरूले उनलाई पनि बलात्कार गरिएको हुनसक्ने ठाने र त्यसैले उनले अपवित्र भएको लान्छनाको सामना गर्नु पर्‍यो । गाउँमा रहेका उनका साथीहरूले उनलाई बेवास्ता गर्न थाले । लाज र अपमानले गर्दा उनी आफ्नो घरबाट करिब एक महिनासम्म बाहिर आउन सकिनन् र उनले विद्यालय जान पनि बन्द गरिन् । तसर्थ, उनको औपचारिक शिक्षा दुई वर्षसम्म रोकियो । उनी सन् २००४ मा पुनः विद्यालय जान थालिन् र विद्यालयमा उनलाई प्रायः अपवित्र केटी भनेर खिसी गरिन्थ्यो ।

२.८ सन् २००९ फेब्रुअरीमा निवेदकको विवाह भयो । उनको विवाहको एक हप्तापछि उनको पतिले उनको बलात्कारको हल्ला बारेमा सुने । जब पतिले उनलाई बलात्कारको बारेमा सोधे उनले पतिलाई सत्य कुरा बताइन् । नतिजा स्वरूप, उनको पति र उनको सासूससुराले उनलाई अस्वीकार गरे । निवेदकलाई ठूलो अपमान गरियो र उनले आफ्नो माइत फर्किनु पर्‍यो । उनी दुई वर्षसम्म माइतमा बसिन् र त्यसपछि उनको पतिको अन्ततः उनीसँग पुनः मेल भयो ।

२.९ यौन हिंसा एवम् यातानाले दिएको पीडा र त्यसपछिका लान्छना र तिरस्कार सहनु पर्दा यसले निवेदकलाई गम्भीर मनोवैज्ञानिक आघातमा पुर्‍यायो । उनी Post Traumatic Stress Disorder अर्थात् पीडादायी घटना पश्चात उत्पन्न हुने तनाव समस्याबाट पीडित भएकी छिन् र उनी हरबखत कुण्ठा ( anxiety ) मा रहने, डरलाग्दो सपना देख्ने र आत्महत्याको सोच आउने गर्दछ । उनी छाती दुख्ने र ढाडको हड्डी तथा करङको समस्या जस्ता विभिन्न गम्भीर शारीरिक बिरामहरूबाट पनि पीडित छिन् । सन् २०१३ मार्च महिनमा काठमाडौंमा फिजिसियन डाक्टरबाट उनको परीक्षण भयो । डाक्टरले उनलाई थेरापी लिने र साथै मेरुदण्ड/ढाडको हड्डीमा थप क्षति हुन नदिन दीर्घकालीन रूपमा औषधि खाने

[६] परिवर्तित नाम

सल्लाह दिए किनकी उनी पक्षघात हुने जोखिममा रहेकी छिन्[७] । सन् २०१४ मार्च २४ मा फोरेन्सिक डाक्टरले उनको जाँच गरे र उनको शरीरमा घाउचोटको दाग/खत रहेको र नङको स्वरूप बिग्रिएको पाए जुन मेडिकल जाँच परीक्षणमा रहने व्यक्तिले प्रदान गरेको हिस्ट्री/विवरणसँग मिल्दो रहेको ठानिएको छ ।[८]

२.१० निवेदकले बलात्कार, यातना र जबरजस्ती श्रमको उत्पीडन भोगेको धेरै वर्ष बितिसकेको भए पनि उनले यी अपराधहरूको बारेमा कुनै पनि सरकारी निकाय, डाक्टर वा आफ्नै परिवारमा पनि कुनै उजुरी गरिनन् । नेपाली समाजमा र उनको आफ्नै आदिवासी समुदायभित्र हुने यौन हिंसासँग जोडिएको सामाजिक लान्छनाका कारण समुदायबाट सहयोग खोज्नु उनको लागि असम्भव जस्तै थियो किनकि यसबाट उनले कानुनी उपचार पाउनुको साटो उल्टै उनलाई थप पीडित बनाउने थियो । त्यसैगरी, निवेदककेवल १४ वर्षकी एक किशोरी थिइन् र उनलाई न्याय खोज्न कहाँ र कसरी जाने भन्ने कुरा थाहा थिएन । कानुनी कार्यवाहीहरूमा उनको लागि उनको बुबाआमाले प्रतिनिधित्व गर्नुपर्ने हुन्थ्यो, तर लाजले गर्दा उनले आमाबुबाको सहयोग माग्न सकिनन् ।

२.११ सन् २०११ मा, द्वन्द्व पीडितको रूपमा अन्तरिम राहतको लागि जिल्ला प्रशासन कार्यालय समक्ष आवेदन दिन सकिने कुरा बारेमा निवेदकले थाहा पाइन् । सन् २०११ जनवरीमा उनले आफूलाई स्वेच्छाचारी रूपमा हिरासतमा लिएर बन्दी बनाएको र दुर्व्यवहार गरिएको बारेमा प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी गरिन्, तर उनले हालको मितिसम्म कुनै पनि “अन्तरिम राहत” पाएकी छैनन् । वास्तवमा यस “अन्तरिम राहतले” आफ्नो क्षेत्रबाट बलात्कार वा यौन हिंसाका अन्य स्वरूपका पीडितहरूलाई बाहिर राखेको छ ।[९]

२.१२ सन् २०१४ फेब्रुअरी १७ मा निवेदकको पक्षबाट एकजना वकिलले उजुरी दर्ता गराउने प्रयास गरे । कैलाली जिल्ला प्रहरी कार्यालयका नायब प्रहरी उपरीक्षकले निवेदकको उजुरी दर्ता गर्न अस्वीकार गरे किनकि यसले नेपालको अपराध संहितको खण्ड ११ बमोजिम उल्लेख गरिएको बलात्कारको अपराध

[७] निवेदकले मिति उल्लेख नभएको सहीद स्मृति अस्पतालबाट मेडिकल प्रमाणपत्र र डाक्टरद्वारा लेखिएको औषधिको पुर्जा उपलब्ध गराएकी छिन् ।

[८] निवेदकले सन् २०१४ मार्च २५ मिति उल्लेख भएको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको फोरेन्सिक मेडिसिन विभागबाट जारी भएको मेडिकल प्रमाणपत्रको नक्कल प्रति उपलब्ध गराएकी छिन् । उक्त प्रमाणपत्रमा उनले गम्भीर शारीरिक तथा मनोवैज्ञानिक क्षतिबाट पीडित रहेको प्रमाणित गरिएको छ । त्यसैगरी सोही विभागबाट सन् २०१४ मार्च २४ मितिमा जारी भएको अर्को प्रमाणपत्रमा निवेदकपीडादायी घटना पश्चात उत्पन्न तनाव समस्याबाट पीडित रहेको र उनको शारीरिक चोटपटक उनले बताएको शारीरिक तथा यौन आक्रमणसँग मेल खाने कुरा प्रमाणित गरिएको छ ।

[९] निवेदकले एडभोकेसी फोरम नेपालको प्रतिवेदन “विभेद र अनियमितता” : नेपालमा अन्तरिम राहतको दर्दनाक कथा, २०१० पृष्ठ १२, १४ र २८, र नेपालको अवलोकन निष्कर्ष (concluding observation) नामक संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिको दोस्रो आवधिक प्रतिवेदन CCPR/C/NPL/CO/2 अनुच्छेद ५(ख) लाई सन्दर्भको रूपमा उल्लेख गरेकी छिन् ।

उजुरीको लागि ३५ दिनभित्रको हदम्यादको पालना नगरिएको भनियो । वकिलले यातना सम्बन्धि क्षतिपूर्ति ऐन १९९६ बमोजिम कैलाली जिल्ला अदालत समक्ष क्षतिपूर्तिको लागि दाबी मुद्दा दर्ता गर्ने पनि प्रयास गरे, तर अदालतले उक्त दाबी दर्ता गर्न अस्वीकार गऱ्यो ।

२.१३ निवेदकले उल्लेख गरेकी छिन् कि सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को खण्ड ३(५) अनुसार निवेदकको पहिलो उजुरी दर्ता गर्न अस्वीकार भएको खण्डमा पुनः जिल्ला प्रशासन कार्यालय वा उजुरी दर्ता गर्न अस्वीकार गर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो प्रहरी कार्यालयमा उजुरी दर्ता गर्न सकिनेछ । सोहीअनुरूप, सन् २०१४ मार्च २९ मा निवेदकले कैलालीको जिल्ला सदरमुकाम रहेको धनगढीको सहायक जिल्ला अधिकारी समक्ष आफ्नो उजुरी दर्ता गर्न अनुरोध गरिन्, तर सहायक जिल्ला अधिकारीले द्वन्द्वसँग सम्बन्धित मुद्दाहरू दर्ता गर्न मिल्दैन भन्दै दर्ता गर्न अस्वीकार गरे र निवेदकलाई संक्रमणकालीन न्याय संयन्त्र स्थापनाको लागि प्रतीक्षा गर्नुपर्ने कुरा सुझाए ।

२.१४ सन् २०१४ अप्रिल ११ मा, निवेदकले ३५ दिने कानुनी सीमा लागू नगर्न नगराउन अनुरोध गर्दै सर्वोच्च अदालत समक्ष परमादेश रिट सम्बन्धी मुद्दा दर्ता गरिन् र यो सोही मितिमा दर्ता भयो । तथापि, निवेदकले उल्लेख गरेकी छिन् कि व्यक्तिगत मुद्दाहरूमा ३५ दिने कानुनी सीमा लागू नगर्ने नगराउने सम्बन्धमा गरिएको अनुरोधहरूलाई सर्वोच्च अदालतले कहिल्यै पनि स्वीकार गरेको छैन, त्यसैले उनको निवेदन सफल हुने सम्भावना शून्य रहेको छ । निवेदकले उल्लेख गरेकी छिन् कि गैरद्वन्द्वसँग सम्बन्धित खास मुद्दाको सम्बन्धमा अपवादको रूपमा एकमात्र निर्णय गरिएको छ जसमा सर्वोच्च अदालतले यी प्रावधानहरू पीडितको लागि प्रभावकारी कानुनी उपचार र क्षतिपूर्तिका लागि अवरोधकको रूपमा रहेकोले यस प्रावधानलाई हटाउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै बलात्कारको मुद्दामा ३५ दिने कानुनी सीमा हटाउन सम्बन्धित कानुनमा आवश्यक संशोधन गर्न सरकारलाई निर्देशन दिएको थियो । तथापि, सन् २००८ देखि यो निर्देशनको कार्यान्वयन गरिएको छैन ।[१०]

२.१५ सन् २०१४ अप्रिल १७ मा, सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गऱ्यो । यसमा गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, जिल्ला प्रहरी कार्यालय कैलाली र जिल्ला प्रशासन कार्यालय कैलालीलाई १५ दिनभित्र (सन् २०१४ मे २ भित्र) लिखित जवाफ पठाउन भनी उल्लेख गरिएको थियो । जवाफ मागिएका कुनै पनि कार्यालयले यस समयसीमा भित्र जवाफ पठाएनन् र सर्वोच्च अदालतले सन् २०१४ जुन २ को लागि दोस्रो समयसीमा निर्धारण गऱ्यो ।

२.१६ प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालले क्रमशः ५ र १९ मे २०१४ मा कुनै पनि छानविनका कार्यलाई रोक्ने ३५ दिने कानुनी सीमालाई आधार लिएर यस दाबीको ग्राह्यतालाई चुनौती दिँदै प्रत्युत्तर

[१०] निवेदकले नेपालको सर्वोच्च अदालत, मुद्दा सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, मुद्दान नं. ३३९३/२०६१, सन् २०१८ जुलाई ११ को निर्णयलाई उल्लेख गर्दछिन् ।

पेश गरे ।[११] सन् २०१४ को जुन महिनामा जिल्ला प्रहरी कार्यालय कैलाली र जिल्ला प्रशासन कार्यालय कैलालीले पनि सोही प्रकारका प्रत्युत्तर पेश गरे । यो मुद्दा अझै पनि विचाराधीन रहेको छ, जबकि उनको समग्र स्वास्थ्य अवस्था नाजुक हुँदै गएको छ र यसको लागि शीघ्र उपचारको आवश्यकता छ ।

२.१७ निवेदक दाबी गर्छिन् कि उनले यातना सम्बन्धि क्षतिपूर्ति ऐन १९९६ बमोजिमको क्षतिपूर्तिको लागि उजुरी दर्ता गराउन प्रयास गरेतापनि असफल भइन् । नवेदकका अनुसार उनीसाँग कुनै प्रभावकारी उपचार प्राप्त थिएन र समितिकै नजिर उदृत गर्छिन जसअनुसार घरेलु उपचारका सम्पूर्ण कदम तब चालिनुपर्छ जब त्यस्ता उपचारहरू  हुन्छन र निवेदकलाई वास्तविक रुपमा उपलब्ध हुन्छन[१२]  र निवेदकको सफल हुने कुनै वस्तुनिष्ठ आधार छैन भने त्यस्तो अवस्थामा सम्पूर्ण कानुनी घरेलु उपचार  चालिनु आवश्यक छैन ।[१३]

२.१८ निवेदकले नेपालको विरुद्ध रहेको एउटा मुद्दाको पनि उल्लेख गर्दछिन् जहाँ यस समितिको विश्वास रहेको छ कि "प्रहरीमा दर्ता गरिएको जाहेरीमा मुस्किलले कुनै छानविनलाई अघि बढाउँछ" र त्यसकारण त्यस मुद्दा दर्ता योग्य भएको ठहराउँछ ।[१४] निवेदक थप्छिन् कि अन्य मुद्दाहरूमा समितिले स्पष्टरूपमा ३५ दिने कानुनी सीमा अतिनै साँधुरो रहेको उल्लेख गरेको छ,[१५] र यातानाको अपराधको गाम्भीर्यतासँग धेरै हदसम्म अमिल्दो रहेको छ ।[१६]

## उजुरी

३.१  धारा २(१, २ र ३), ३, २४(१) एकल रूपमा हेर्दा र धारा २६ समेतलाई एकसाथ हेर्दा राज्य पक्षबाट अनुबन्धको धारा ७, ८(३) (क) र १०(१) उल्लंघन भएको निवेदक दाबी गर्छिन् किनकि उनी माथि गरिएको बलात्कार, यौन शोषण, यातना, दुर्व्यवहार, बन्दी गृहको अमानवीय अवस्था, जबरजस्ती

---

[११] निवेदकले प्रहरी प्रधान कार्यालय र गृहमन्त्रालयले क्रमशः १ मे र १९ मे २०१४ मा सर्वोच्च अदालतमा पेश गरेको प्रत्युत्तरको प्रतिलिपि उपलब्ध गराएकी छिन् ।

[१२] निवेदकले ज्डेनेक र मिलान्दा ओन्ड्राका विरुद्ध चेक रिपब्लिक मुद्दामा समितिको दृष्टिकोणहरू, १४ डिसेम्बर २००७, अनुच्छेद ६.३ र बाबोइराम आदि विरुद्ध सुरिनेम मुद्दा, ४ अप्रिल १९८५, अनुच्छेद ९.२ आदि उल्लेख गर्दछिन् ।

[१३] निवेदकले इल्मारी लान्सम्यान आदि विरुद्ध फिनल्याण्ड मुद्दामा समितिको दृष्टिकोण (राय), २६ अक्टोबर १९९४, अनुच्छेद ६.२ र प्राट र मोर्गन विरुद्ध जमैका मुद्दा, ६ अप्रिल १९८९, अनुच्छेद १२.३ उल्लेख गर्दछिन् ।

[१४] निवेदकले यसोदा शर्मा विरुद्ध नेपालको मुद्दामा (२८ अक्टोबर २००८ अनुच्छेद ६.३) समितिको दृष्टिकोण (राय) उल्लेख गर्दछिन् ।

[१५] निवेदकले गिरी विरुद्ध नेपाल (२४ मार्च २०११, अनुच्छेद ६.३) मुद्दामा समितिको दृष्टिकोण उल्लेख गर्दछिन् ।

[१६] निवेदकले महर्जन विरुद्ध नेपाल (१९ जुलाई २०१२, अनुच्छेद ७.४) मुद्दामा र गिरीको मुद्दामा (पादटिप्पणी २२ हेर्नुहोस्) समितिको दृष्टिकोण उल्लेख गर्दछिन् । त्यसैगरी, निवेदकले मार्च २०१४ मा समितिको नेपालमा अवलोकन निष्कर्ष र समितिको साधारण टिप्पणीहरू (नम्बर ३५, ३१, २८, २०, १८, १७) पनि उल्लेख गर्दछिन् ।

श्रम र त्यपछिका प्रभावकारी कानुनी उपचार प्रदान गर्न र उनले प्रस्तुत गरेका आरोपमा द्रुत, प्रभावकारी, स्वतन्त्र, निष्पक्ष र व्यापक छानविन गरी यसका लागि जिम्मेवार रहेकाहरूलाई कानुनी कारवाही गर्न र सजाय दिन राज्य पक्ष असफल भएको छ । निवेदक उल्लेख गर्छिन् कि उक्त घटनाहरूको समयमा उनी एउटा नाबालिक आदिवासी बालिका भएको हुँदा सोहीअनुसार उनले राज्य पक्षबाट विशेष सुरक्षाको पाउने हक थियो भन्ने तथ्यले यसलाई झन् गम्भीर उलंघन भएको प्रमाणित गर्दछ । निवेदक अगाडि भन्छिन् कि उनले भोग्नु परेको बलात्कार र यौन शोषणका घटना नेपालमा त्यस समय भइरहेको द्वन्द्वको अवस्थामा विद्यमान एउटा प्रणालीगत अभ्यासको हिस्साको रूपमा गरिएको थियो । त्यसैगरी निवेदक दाबी गर्छिन् कि यस अनुबन्धमा स्थापित अधिकारहरूलाई प्रभावी बनाउन नेपालले प्रभावकारी कानुनी उपायहरू ग्रहण गर्न र महिलाप्रति असमानुपातिक रूपमा पक्षपाती प्रभाव रहेको विद्यमान कानुनी ढाँचामा रहेका अवरोधहरू हटाउन असफल भएको छ । नेपाली कानुनअनुसार बलात्कार गरिएको वा बलात्कारको घटना भएको दिनदेखि ३५ दिनभित्र दर्ता नगरिएमा कुनै पनि उजुरीलाई अघि बढाउन सकिने छैन ।[१७] उनको लागि उजुरी दर्ता गर्नु भौतिक रूपमा नै असम्भव भएको हुनसक्थ्यो किनकि उनलाई त्यो समयमा स्वेच्छाचारी ढङ्गले बन्दी अवस्थामा राखिएको थियो । निवेदकले थप दाबी गर्छिन् कि आफ्नै देशका जिम्मेवार अधिकारीहरूले देखाएको प्रवृत्ति र दृष्टिकोणको कारण लिङ्ग र जातीय आधारमा पनि उनी विभेदको शिकार भइन् ।[१८]

३.२ निवेदक थप आरोप लगाउँछिन् कि एकल रूपमा हेर्दा र धारा २(३), र २४(१) समेतलाई एकसाथ हेर्दा अनुबन्धको धारा ९ (१, २ र ३) को उलंघनको उनी शिकार भएकी छिन् किनकि उनलाई स्वेच्छाचारी ढङ्गले पक्राउ गरी बन्दी बनाइयो, र सो पक्राउको समयमा उनलाई पक्रनुको कारणहरूबारे जानकारी दिइएन, न त उनी विरुद्ध लगाइएका अभियोग बारेमा उनलाई तुरुन्तै जानकारी दिइयो । नेपाली अधिकारीहरूले यी उलंघनका घटनाहरूमा कुनै पनि प्रभावकारी छानविन गरेनन्, र उनीहरूले यसको लागि जिम्मेवार रहेकाहरूको पहिचान गर्ने, उनीहरूलाई कानुनी कारवाही गर्ने र सजाय दिने कार्य गरेनन्, वा उनलाई एउटा बालिकाको रूपमा पाउनुपर्ने विशेष सुरक्षा प्रदान गरेनन् ।

३.३ अन्तमा, निवेदकले उनको निजी जीवन र एउटा महिलाको रूपमा उनको यौन जीवनमा स्वेच्छाचारी हस्तक्षेप[१९], उनको पारिवारिक जीवनको विखण्डन, र उनको सम्मान तथा प्रतिष्ठामा गैरकानुनी आक्रमणहरूलाई कारणको रूपमा लिँदै एकल रूपमा हेर्दा र धारा २(१ र ३), २४(१) र २६ समेतलाई एकसाथ हेर्दा राज्य पक्षबाट अनुबन्धको धारा १७ र २३(१) उलंघन भएको आरोप लगाएकी छिन् । त्यसैगरी, नेपाली अधिकारीहरूले निवेदकको परिवारको रक्षा गर्ने उपायहरू अपनाउन असफल भए जसले निवेदकलाई लान्छना तथा बहिष्करण भोग्नुपर्ने अवस्थामा पुऱ्यायो । निवेदक दाबी गर्छिन् कि

[१७] निवेदकले नेपाल अपराध संहिता (मुलुकी ऐन), बलात्कार सम्बन्धी अध्याय, खण्ड ११ उल्लेख गर्छिन् ।

[१८] निवेदकले एल.एन.पी. विरुद्ध अर्जेन्टिना मुद्दामा समितिको दृष्टिकोण/राय (सन् २०११ जुलाई १८, अनुच्छेद १३.३) उल्लेख गर्छिन् ।

[१९] *निवेदकले समितिको साधारण टिप्पणी नं. २८ उल्लेख गर्दछिन् (HRI/GEN/1/पुनरावलोकन ९ (भाग १), सन् २००० मार्च २९, अनुच्छेद ११ र २०) ।*

उनी तीन तहको विभेदको शिकार भइन् : एउटा बालिकाको रूपमा, एउटा महिलाको रूपमा र एउटा आदिवासी व्यक्तिको रूपमा ।

३.४ क्षतिपूर्तिको सम्बन्धमा समितिले राज्य पक्षलाई देहायका खास उपायहरू अपनाउन अपील गर्न निवेदक अनुरोध गर्छिन् : (क) निवेदकले अभियोग लगाएको अपराधहरूको शीघ्र र प्रभावकारी छानविन गरी दोषीलाई न्यायको दायरामा ल्याउने; (ख) यो अन्तर्राष्ट्रिय दायित्व हो भन्ने स्वीकार गर्दै एउटा निजी समारोहको अवसरमा निवेदकसमक्ष एउटा आधिकारिक माफी दिलाउने; (ग) भए गरिएका भौतिक तथा नैतिक क्षतिको बदलामा निवेदकलाई शीघ्र, उचित र पर्याप्त क्षतिपूर्ति दिलाउने, र (घ) निवेदकको लागि निःशुल्क मेडिकल तथा मनोवैज्ञानिक उपचार उपलब्ध गराउने । समितिले राज्य पक्षलाई निम्न साधारण उपायहरू कार्यान्वयन गर्न पनि अपील गरोस् भन्ने कुरा निवेदक अनुरोध गर्छिन् : (क) यातनालाई अपराध करार गर्ने, (ख) अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बलात्कार र अन्य स्वरूपका यौन हिंसाहरूको परिभाषा अनुकूलन गर्ने र बलात्कारलाई मानवीयता विरुद्धको एक अपराधको रूपमा संहिताबद्ध गर्ने, (ग) बलात्कारको अपराधका लागि ३५ दिने कानुनी हदम्यादलाई संशोधन गर्ने र यसलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुरूप बनाउने, (घ) पक्राउको समयमा पक्राउ पूर्जी र पक्राउ गर्नुको आधारहरू उपलब्ध गराउने व्यवस्था अनिवार्य हुनेगरी नेपाली कानुको संशोधन गर्ने, (ङ) बन्दीहरूको लागि सबै मौलिक कानुनी सुरक्षाहरू उपलब्ध गराइएको सुनिश्चित गर्ने, (च) छानविन र फोरेन्सिक विश्लेषणहरूले (मुख्यगरी बलात्कार र अन्य स्वरूपका यौन हिंसासँग सम्बन्धित) अन्तर्राष्ट्रिय मापदण्डहरू, विशेषगरी इस्तानबुल प्रोटोकल र यौन हिंसाका पीडितहरूको मेडिकल-कानुनी उपचारको लागि विश्व स्वास्थ्य संगठनको निर्देशिका पालना गरेको सुनिश्चित गर्ने, र (छ) न्यायलय, सेना, सुरक्षा फौज र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको हितका कार्यरत हुनसक्ने सबै व्यक्तिहरूका लागि महिलाको यौन शोषणका मुद्दाहरूको सावधानीपूर्वक छानविन, इस्तानबुल प्रोटोकल, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा क्षमता अभिवृद्धि तथा शैक्षिक कार्यक्रमहरू र तालिमहरूको व्यवस्था गर्ने ।

## ग्राह्यता र तथ्यप्रमाणको विषयमा राज्य पक्षको दृष्टिकोण

४.१ सन् २०१५ सेप्टेम्बर ४ मिति भएको आफ्नो टिप्पणीमा राज्य पक्षले निवेदकले अपराध न्याय प्रणालीका साथै (सशस्त्र द्वन्द्वको समयमा गरिएका अपराधहरूको लागि सत्यतथ्य खोजीको उपयुक्त मार्गको रुपमा रहेको) संक्रमणकालीन न्याय संयन्त्र दुवैमा उपलब्ध रहेका घरेलु कानुनी उपचारहरूको पूर्ण उपयोग गर्न असफल भएकी तर्क पेश गरेको थियो ।

४.२ सामान्य अपराध न्याय प्रणालीको हकमा, राज्य पक्ष उल्लेख गर्दछ कि निवेदकको परमादेश जारी गरिपाउँ भन्ने रिट अझै पनि नेपालको सर्वोच्च अदालत समक्ष विचाराधीन अवस्थामा छ, र नेपालको अन्तरिम संविधानको धारा १०७ बमोजिम सर्वोच्च अदालतले रिट याचिकालाई पूर्ण न्याय उपलब्ध

गराउन उचित आदेश जारी गर्न सक्छ । राज्य पक्षले थप उल्लेख गर्दछ कि घरेलु कानुनले मुद्दाको प्रकृतिको आधारमा उजुरी दर्ता गर्न विशेष कानुनी हदम्याद उपलब्ध गराउन सक्छ ।

४.३ संक्रमणकालीन न्याय प्रणालीको हकमा, राज्य पक्षले उल्लेख गर्दछ कि निवेदकसँग अझै पनि सत्य निरूपण तथा मेलमिलाप आयोग समक्ष उजुरी दर्ता गर्ने सम्भावना रहेको छ, यस आयोगलाई द्वन्द्वसँग सम्बन्धित मुद्दाहरूको छानविन गर्न, आरोपित अपराधीहरूलाई कानुनी कारवाही गर्न सरकारसमक्ष सिफारिस गर्न, र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा कार्य गर्ने अधिकार प्रदान गरिएको छ । राज्य पक्षकाअनुसार नियमित न्याय प्रणालीले मात्र सत्यतथ्यको खोजी गर्न, अपराधीहरूलाई कानुनी कारवाही गर्न, क्षतिपूर्ति दिलाउन र पीडितलाई पुनर्स्थापित गर्न सक्दैन । राज्य पक्ष उल्लेख गर्दछ कि सत्यतथ्यको खोजी संक्रमणकालीन न्याय संयन्त्रहरूको केन्द्रमा रहेको छ । राज्य पक्षले निवेदकले आफ्नो अधिकारहरूको उलंघन भएको कुरा दर्ता गराउन र क्षतिपूर्ति, पुनर्स्थापन र अन्य सम्भव सेवा तथा लाभहरू प्राप्त गर्नको लागि योग्य हुन सत्य निरूपण तथा मेलमिलाप आयोगमा जानुपर्छ भन्ने तर्क अघि सार्छ ।

४.४ राज्य पक्ष उल्लेख गर्दछ कि यौन हिंसासँग सम्बन्धित अपराधहरू, बलाात्कार, महिला विरुद्धको हिंसा तथा यातनालाई घरेलु कानुनअन्तर्गत अपराधीकरण गरिएका छन् । तसर्थ, राज्यका अनुसार शीघ्र तथा निष्पक्ष छानविन गर्न र यौन हिंसाका दोषीलाई न्यायको दायरामा ल्याउन सरकार प्रतिबद्ध छ । राज्य पक्षले बलात्कारका पीडितहरूको लागि न्यायमा पहुँच अभिवृद्धि गर्न विधायिकी संसदमा रहेको सम्बन्धित समितिले बलात्कार सम्बन्धी ३५ दिने कानुनी हदम्यादलाई बढाएर गरी ६ महिना बनाउन संशोधन विधेयकलाई अनुमोदन गरेको सूचित गर्दछ । राज्य पक्षले यो पनि सूचित गर्दछ कि यातना विरुद्धको महासन्धि बमोजिम हुने गरी सबै स्वरूपका यातना तथा दुर्व्यवहारलाई पूर्ण रूपमा अपराधीकरण गर्ने नयाँ विधेयक विधायिकी संसदमा विचाराधीन अवस्थामा रहेको छ ।

४.५ राज्य पक्षले अन्तमा उल्लेख गर्दछ कि यस वर्तमान निवेदनमा उल्लेख गरिएजस्तै नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसँग निवेदकलाई पक्राउ गरिएको वा पछि उनलाई छोडिएको बारेमा कुनै रेकर्ड थिएन ।

**ग्राह्यता र तथ्यप्रमाण सम्बन्धी राज्य पक्षको दृष्टिकोणमा निवेदकको दृष्टिकोण**

५.१ सन् २०१५ नोभेम्बर १६ मिति भएको आफ्नो टिप्पणीमा निवेदकले ग्राह्यता तथा तथ्यप्रमाण सम्बन्धी उनको आरोपहरू र क्षतिपूर्ति लागि अनुरोध गरिएको उपायहरूको पुनरावलोकन गर्दछिन् ।

५.२ निवेदकले उल्लेख गर्दछिन् कि परमादेशको लागि उनले पेश गरेको रिट सर्वोच्च अदालत समक्ष अझै पनि विचाराधीन रहेको भएता पनि : (क) यसले कुनै पनि अर्थपूर्ण नतिजा दिने सम्भावना छैन र उनले आफ्नो मुद्दामा यो एउटा प्रभावकारी कानुनी उपचार हुने ठान्दिनन् । र (ख) सर्वोच्च अदालत

समक्ष कानुनी कारवाही सुस्त र बारम्बार बिलम्ब हुने, सुनुवाइहरू खारेज हुने र केही उत्तरदाताहरूबाट जवाफ नआउने गरेको छ ।[२०]

५.३ निवेदकको व्याख्या अनुसार एकातिर राज्य पक्षले उजुरी दर्ता गर्ने सम्बन्धमा घरेलु कानुनले खास कानुनी हदम्याद प्रदान गर्न सक्छ भन्ने उल्लेख गर्दछ, अर्कोतिर यसले निवेदकले आफ्नो उजुरी दर्ता गर्न ३५ दिने कानुनी हदम्याद पालना गर्न असफल भइन् भन्ने दाबी गर्दछ । सोही समयमा, राज्य पक्षले ३५ दिने कानुनी हदम्याद बढाएर ६ महिनासम्म पुर्‍याउने संशोधन भएको उल्लेख गर्दछ । तसर्थ, निवेदकको अनुसार ३५ दिने कानुनी हदम्यादको अति नै कठोर प्रकृतिको रहेको कुरामा नेपाल सचेत छ किनकि नेपालले उक्त प्रावधानमा परिवर्तन गर्ने कोशिस गरिहेको छ । उनले यो पनि उल्लेख गर्छिन् कि यो संशोधनलाई अझै पनि विधेयकको रूपमा हस्ताक्षर गरिएको छैन । तसर्थ, यो अझै पनि लागू हुने अवस्थामा छैन र यो लागू हुने कानुन बन्यो भने पनि यसले उनको मुद्दालाई समेट्दैन किनकि उनको बलात्कार सन् २००२ मा भएको थियो ।

५.४ निवेदकले थप दाबी गर्छिन् कि गैरन्यायिक निकायको रूपमा रहेको सत्य निरूपण तथा मेलमिलाप आयोग समक्ष उनको मुद्दाको दर्तालाई यस समिति समक्ष निवेदन पेश गर्नुभन्दा अघि उनले प्रयोग गर्नुपर्ने प्रभावकारी कानुनी उपचारको रूपमा लिन सकिँदैन ।[२१]

५.५ निवेदक दाबी गर्छिन् कि नेपाली अधिकारीहरूले स्वतन्त्रताबाट उनलाई स्वेच्छाचारी रूपमा गरेको वञ्चितीकरणलाई (पक्राउ गरी बन्दी बनाइएको) रेकर्ड गर्न असफल भएको तथ्यले मात्र पनि आफैमा यस अनुबन्धको धारा ९ को उलंघन भएको देखाउँछ । उनी उल्लेख गर्छिन् कि पक्राउको रेकर्ड राख्नु एउटा कानुनी सुरक्षा हो जुन यस अनुबन्धको धारा ९ बमोजिम बन्दीहरूलाई अनिवार्य उपलब्ध गराउनुपर्छ[२२] । निवेदक थप उल्लेख गर्छिन् कि उनलाई हिरासतमा रहँदा बलात्कार गरिएको हुँदा निवेदकले लगाएका आरोपहरूको खण्डन गर्ने प्रमाणहरू जुटाउने जिम्मा राज्य पक्षलाई जान्छ र स्वतन्त्रताबाट वञ्चितीकरण गरिएको कुरालाई औपचारिक रूपमा अभिलेख गरिएको छैन भन्ने कुराको दलील पेश गर्नु मात्र पर्याप्त हुँदैन[२३] । तसर्थ, निवेदक दाबी गर्छिन् कि स्वेच्छाचारी रूपमा उनलाई स्वतन्त्रताबाट गरिएको वञ्चितीकरण, बलात्कार, अन्य स्वरूपका दुर्व्यवहार, यौन हिंसा गरेको र

---

[२०] निवेदकले कट्वाल विरुद्ध नेपाल मुद्दामा समितिको ग्राह्यता सम्बन्धी निर्णय उल्लेख गर्छिन् (२०१२ नोभेम्बर १०, अनुच्छेद ६.४ र अन्य रायहरूसँगै महर्जन विरुद्ध नेपाल मुद्दामा समितिको दृष्टिकोण पनि उल्लेख गर्छिन् (२०१२ जुलाई १९, अनुच्छेद ७.४) ।

[२१] निवेदकले कट्वाल विरुद्ध नेपाल मुद्दा (२०१२ अक्टोबर १०, अनुच्छेद ६.३), सेढाईं विरुद्ध नेपाल मुद्दा (२०१३ जुलाई १९, अनुच्छेद ७.५), त्रिपाठी विरुद्ध नेपाल मुद्दा (२०१४ अक्टोबर २८, अनुच्छेद ६.३) र बस्नेत विरुद्ध नेपाल मुद्दामा (२०१४ अक्टोबर २९, अनुच्छेद ७.४) समितिले प्रस्तुत गरेको दृष्टिकोण उल्लेख गर्छिन् ।

[२२] २२. निवेदकले समितिको साधारण टिप्पणी (वैकल्पिक उद्धरण, अनुच्छेद २३) र अन्य कुराहरूसँगै कुर्बोनोभ विरुद्ध ताजिकिस्तान मुद्दामा (२००३ नोभेम्बर ६, अनुच्छेद ६.५) समितिले प्रस्तुत गरेको दृष्टिकोण उल्लेख गर्दछिन् ।

[२३] निवेदकले युरोपियन कोर्ट अफ हुमन राइट्स, आयदिन विरुद्ध टर्की मुद्दा (१९९७ सेप्टेम्बर २५ को फैसला, अनुच्छेद ७३) उल्लेख गर्छिन् ।

त्यसपछिका जबरजस्ती श्रम गराएको सम्बन्धमा निवेदकको कथनहरूको खण्डन गर्ने कुनै पनि प्रमाण उपलब्ध गराउन राज्य पक्ष असफल भयो ।

## समिति समक्षका विषयहरू र कारवाही

*ग्राह्यता माथिको विचार*

६.१ निवेदन रहेका कुनै पनि दाबीमा विचार गर्नुभन्दा पहिले समितिले आफ्नो कार्यविधि नियमको नियम ९३ बमोजिम अनिवार्य रूपमा यो अनुबन्धको स्वैच्छिक आलेख अन्तर्गत ग्राह्य छ वा छैन भन्ने निर्णय गर्नुपर्छ ।

६.२ स्वैच्छिक आलेखको धारा ५(२) अन्तर्गत आवश्यक भएअनुरूप एकै विषयलाई अन्तर्राष्ट्रिय छानविन वा समाधानका अन्य कुनै पनि कार्यविधि अन्तर्गत परीक्षण गरिने छैन भन्ने कुरा समितिले निर्धारण गरेको छ ।

६.३ राज्य पक्षले लिएको दाबी अनुसार निवेदकको परमादेश सम्बन्धी रिट अझै पनि नेपालको सर्वोच्च अदालतमा विचाराधीन रहेको छ, र अर्कोतिर सत्य निरूपण तथा मेलमिलाय आयोग समक्ष उजुरी दर्ता गर्ने सम्भावना उनीसँग अझै रहेको  जसकारण घरेलु कानुनी उपचारहरू पूर्ण उपयोग भइनसकेको भन्ने तर्कलाई समितिले विचार गरेको छ ।

६.४ समिति उल्लेख गर्दछ कि निवेदकले : (क) बलात्कार अपराध र अन्य अमानवीय तथा अपमानजनक कार्यहरूसँग सम्बन्धित दुईवटा उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ताको लागि पेश गरिन्, जुन बलात्कारको अपराधको सम्बन्धमा रहेको ३५ दिने कानुनी हदम्यादको आधारमा अस्वीकृत भयो । (ख) यातना क्षतिपूर्ति ऐन १९९६ बमोजिमम क्षतिपूर्तिको एउटा दाबी दर्ताको लागि पेश गरिन् र यो पनि अस्वीकृत भयो, र (ग) द्वन्द्वसँग सम्बन्धित व्यक्तिगत दाबीको लागि ३५ दिने कानुनी हदम्याद लागू नहुने सम्बन्धमा अनुरोध गर्दै नेपालको सर्वोच्च अदालत समक्ष परमादेशको रिट दर्ताको लागि पेश गरिन्, जुन अझै पनि विचाराधीन रहेको छ । समितिले निवेदकको निर्विवाद आरोपहरू उल्लेख गर्दै लेख्दछ कि उनले कानुनी रूपमा स्थापित ३५ दिने हदम्यादको समयभित्र उजुरी दर्ता गराउन असमर्थ थिइन्, किनकि वास्तवमा त्यो समयमा उनलाई अझै पनि स्वेच्छाचारी रूपमा बन्दी बनाएर राखिएको थियो र कानुनी सहायतासम्म उनको पहुँच थिएन । निवेदकले यो पनि तर्क रहेको छ कि उनलाई मुक्त गरिसकेपछि पनि यौन हिंसाका पीडितसँग जोडिएको सामाजिक लान्छनाले गर्दा उनलाई आफ्नो समुदाय र परिवारबाट सहयोग लिन रोकेर राखेको थियो । समितिले ठान्दछ कि २०१४ अप्रिलमा दर्ता गरिएको परमादेश सम्बन्धी निवेदकको रिटको सम्बन्धमा सर्वोच्च अदालत समक्ष कानुनी कारवाहीलाई विशेषगरी आरोपित गरिएको अपराधको गाम्भीयर्तालाई विचार गर्दा अनुचित रूपमा लम्ब्याइयो । यस विषयमा सर्वोच्च अदालतको पुराना न्यायसम्पादनको तथ्यलाई हेर्दा यस्तो कानुनी कारवाहीहरूले राहत दिलाउने सम्भावना नदेखिने निवेदकको कथनलाई समितिले ध्यान दिएको छ । तसर्थ, राज्य पक्षमा बलात्कारको उजुरी दर्ता गर्ने सम्बन्धी कानुनी र व्यवहारिक सीमाहरूलाई र सर्वोच्च अदालत समक्ष

अनुचित रूपमा लम्ब्याइएको र सफल कानुनी कारवाहीको सम्भावना नरहेको कुरालाई विचार गर्दा अपराध न्याय प्रणालीमा कानुनी उपचारहरू निवेदकको लागि अप्रभावकारी र अनुपलब्ध थियो भन्ने कुरा समितिले मान्दछ ।[२४]

६.५ संक्रमणकालीन न्यायप्रणालीको सम्बन्धमा, सत्य निरूपण ततथा मेलमिलाप आयोगको गैरन्यायिक प्रकृतिलाई विचार गर्दा आयोग समक्ष उनको मुद्दाको दर्ता प्रभावकारी कानुनी उपचारको रूपमा नरहन निवेदकको तर्कलाई समितिले विचार गर्दछ । यस अर्थमा, समितिले वैकल्पिक आलेखको धारा ५(२)(ख) ले तोकेका कुराहरू पूरा गर्न गैरन्यायिक प्रकृतिको निकाय समक्ष कानुनी मार्गहरू खोज्नु आवश्यक नभएको[२५] र संक्रमणकालीन न्याय संयन्त्रहरूले गम्भीर मानव अधिकार उल्लंघनहरूको अपराध सम्बन्धी कानुनी कारवाहीलाई अघि बढाउन नसक्ने[२६] आफ्नो नजिरलाई स्मरण गदर्छ । तसर्थ, समितिको विचारमा सत्य निरूपण तथा मेलमिलाप आयोगको सहारा लिनु भनेको निवेदकको लागि प्रभावकारी कानुनी उपचार हुने छैन ।

६.६ माथिका पूर्ववत कुराहरूलाई विचार गर्दै समितिको निष्कर्ष छ कि वर्तमान निवेदनलाई परीक्षण गर्नबाट स्वैच्छिक आलेखको धारा ५(२)(ख) ले यसलाई रोकेको छैन ।

६.७ अन्य सबै ग्राह्यता मापदण्डहरू पूरा भएकोले समितिले यस निवेदन ग्राह्र्य रहेको घोषणा गर्दछ र तथ्यप्रमाण माथिको यसको विचारमा अघि बढ्दछ ।

## मूल कानूनी प्रश्न उपर विचार विमर्श

७.१. समितिले पक्षहरुबाट समितिलाई उपलब्ध गराइएको सम्पूर्ण जानकारी सूचनाको आधारमा ऐच्छिक आलेखको धारा ५ को प्रकरण १ को व्यवस्था अनुरुप निवेदन उपर विचार गरेको छ ।

७.२. २ अप्रिल २००२ देखी डेढ महिना बढी समयमा शाही नेपाल सेना र सशस्त्र प्रहरी बलले निवेदकको माओवादी प्रतिको कथित समर्थनको जानकारी पाउन उनी उपर बलात्कार र अन्य प्रकारका यौन हिंसा र यातना भएको कुरामा निवेदकले निर्विवाद तर्क दिएको कुरा समितिले टिपोट गरेको छ । त्यस बेला १४ वर्ष रहेकी निवेदक माथी शाही नेपाल सेना र सशस्त्र प्रहरी बलले बलात्कार र अन्य प्रकारका यौन हिंसा र यातना दिएकोले अनुबन्धको धारा ७ र २४(१) अनुसार निवेदकको अधिकार उल्लङ्घन गरेको समितिले विचार गर्छ ।

---

[२४] निवेदन नं. २२४५/२०१३, पूर्णमाया विरुद्ध नेपाल मुद्दा (अप्रिल १, २०१५ मा ग्रहण गरिएको दृष्टिकोण, अनुच्छेद ६.३) हेर्नुहोस् ।

[२५] निवेदन नं. २०००/२०१०, कटवाल विरुद्ध नेपाल मुद्दा (२०१७ जुन २३ मा ग्रहण गरिएको दृष्टिकोण, अनुच्छेद ११.५) हेर्नुहोस् ।

[२६] नेपालको लागि अवलोकन निष्कर्ष (concluding observation) , सिसिपिआर/सी/एनपिएल/सिओ/२, २८ मार्च २०१४, अनुच्छेद ५(ख) हेर्नुहोस् ।

७.३ निवेदकको निर्विवाद तर्क अनुसार बलात्कार र अन्य प्रकारका यौन हिंसाका कारण उनी उपर विभेदपूर्ण प्रभाव परेको थियो, जुन उनी प्रती गरिएको व्यवहारको तरिकाले देखाउँछ, साथै नेपाली समाजमा बलात्कार पीडित बालिकाहरु र महिलाहरू प्रती विशेष गरी गम्भीर विभेदकारी परिणामका कारण द्वन्दको क्रममा महिला तथा बालिकाहरु उपर सामान्यतः बलात्कार हुने कुरालाई समितिले विचार गर्छ । समिति स्मरण गर्छ की महिलाहरु, र सोही रूपमा बालिकाहरु पनि, आन्तरिक र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्दको समयमा विशेष गरी असुरक्षित हुन्छन्। राज्यले बालिकाहरु र महिलाहरुलाई बलात्कार, अपहरण र अन्य प्रकारका लैङगिक हिंसाबाट जोगाउन सबै उपायहरू लिनुपर्दछ।[२७] पीडितले भोग्नु परेको बलात्कार तथा अन्य यौन हिंसा (अनुच्छेद २.२ देखी २.५ हेर्नुहोस)[२८] लाई त्यतिबेलाको परीप्रेक्ष्यमा हेर्दा, साथै त्यस्ता अपराधको अनुसन्धान र उत्तरदायित्व स्थापना गर्न पक्ष राष्ट्रको सामान्य विफलताका कारण अनुबन्धको धारा २(१) र ३ अलगै र धारा ७, धारा २४(१) र धारा २६ सहित निवेदकको लैंगिक भेदभावको सिकार नगर्ने अधिकार समेत पक्ष राष्ट्रले उल्लङ्घन गरेको समितिले विचार गरेको छ।

७.४ निवेदकको आरोप अनुसार हिरासतमा हुँदा सशस्त्र प्रहरी अधिकारीले उनलाई ब्यारेकमा काम गर्न बाध्य बनाएको, इट्टा र बालुवा बोक्न लगाउने, मन्दिर निर्माणको लागि सिमेन्ट घोल्न लगाउने, बगैंचामा पानी हाल्न लगाउने र उनलाई मौखिक दुर्व्यवहार पनि गर्ने कुरा समितिले टिपोट गर्यो। त्यसकारण, निवेदकले दिएको विवरण र तथ्यलाई हेर्दा नेपालमा आन्तरिक द्वन्द्वको क्रममा बन्दिहरु उपर क्रुर व्यवहार गरेको र जबरजस्ती श्रम गराईएको पाएको छ[२९], निवेदकको आरोपलाई यस सम्बन्धमा उचित भार दिनु पर्छ।

७.५ समितिको अनुसार श्रम जबरजस्ती र बाध्यकारी नहुनको लागि, “ न्यूनतममा, यो एक अपवाद तरिका नहुने, यसको दण्डात्मक उद्देश्य वा प्रभाव नहुने र यस अनुबन्ध अन्तर्गत एक वैध उद्देश्यको सेवा गर्नका लागि कानुन द्वारा प्रदान गरिएको हुनुपर्छ।”[३०] यी विचारहरुको आधारमा निवेदकलाई काम गर्न बाध्य पार्दै, स्वेछ्याचारी हिरासतमा रहेको नाबालक उपर अधिकारको प्रयोग अनुबन्धको धारा ८ मा निर्धारित सुझावहरूको दायरा भित्र पर्दछ र त्यसकारण, अनुबन्धको धारा ८(३) अलगै र धारा ७ र २४(१) सहित उल्लङ्घन हुन्छ ।

७.६ अग्रगामी प्रकाशमा, समितिले अनुबन्धको धारा १०(१) अन्तर्गत निवेदकको दाबीहरु अलग परिक्षण नगर्ने निर्णय गर्दछ ।

---

[२७] See the Committee’s General comment No. 28 (2000) on equality of rights between men and women, para. 8.

[२८] See communications No. 1610/2007, *L.N.P. v. Argentina*, Views adopted on 18 July 2011, para. 13.3; and No. 2234/2013, *M.T. v. Uzbekistan,* Views adopted on 23 July 2015, para. 7.6 and communication No. 2245/2013, Purna Maya v. Nepal, Views adopted 23 June 2017, para. 12.4.

[२९] See, Nepal Conflict Report (2012), p. 131.

[३०] See, communication No. 1036/2001, *Bernadette Faure v. Australia*, Views of 23 November 2005, para. 7.5.

७.७ निवेदकलाई सेना र प्रहरीका ठूलो टोलीले कुनै पक्राउ पुर्जी बिना पक्राउ गरेको र उनलाई कुनै अभियोगको बारेमा जानकारी नगराई र न्यायिक नियन्त्रणमा नलगी सेना र प्रहरी ब्यारेकमा डेढ महिना भन्दा बढी हिरासतमा राखेको र पछि उनले यस सम्बन्धमा विभिन्न मार्गहरु अपनाय बाबजुद पनि त्यस हिरासतका लागि कहिल्यै क्षतिपूर्ति नदिएको समितिले अनुबन्धको धारा ९ अन्तर्गत पिडितको दाबीहरू टिपोट गरेको छ । पक्ष राष्ट्रले निवेदक हिरासतमा रहेको रेकर्डको अभाव उल्लेख छ, यद्यपि यसले न त सो विपरित कुनै स्पष्टीकरण प्रदान गरेको छ न त निवेदकको आरोपमा आवश्यक छानबिन गरेको छ । आफ्नो थुनाको सम्बन्धमा निर्विवाद तर्क प्रस्तुत गरेकी छन र स्वेछाचारी र गैरन्यायिक गिरफ्तारी र थुनाका पीडितहरुलाई सोको रेकर्ड प्रदान गर्न आवश्यक गराउनु *probatio diabolica*[३१] हुने कुरा समितिको धारणा छ । यसले निवेदकको प्रमाण खण्डन गर्न प्रमाणको भार प्रष्ट रूपमा पक्ष राष्ट्रसंग भनेर विचार गर्दछ। त्यसकारण, समितिले आन्तरिक द्वन्द्वको सन्दर्भमा शाही नेपाली सेना र सशस्त्र प्रहरी बलका सदस्यहरूद्वारा उजुरुकर्ताको गिरफ्तारी र हिरासतले अनुबन्धको धारा ९ को अन्तर्गत उनको अधिकारको उल्लङ्घन भएको विचार गरेको छ।

७.८ निवेदकको अनुबन्धको धारा १७ को निवेदनको सम्बन्धमा, निवेदकको बलात्कारले,उनको इच्छा विरूद्ध जबरजस्ती यौन संपर्क गर्न लगाइ, एक केटीको रूपमा उनको गोपनीयता र उनको यौन स्वतन्त्रतासंग मनमानी हस्तक्षेप गर्दछ, अझै बढी किनभने उनको बलात्कारका कारण उनले कलंकित र उपेक्षित हुनु पऱ्यो, र राज्य पक्षले निवेदकलाई कुनै पनि हिसाबले संरक्षण गर्न उपायहरू नअपनाएको भन्ने समितिले विचार गर्दछ । थप रुपमा, निवेदकले यौन हिंसा पीडित[३२]को रूपमा आफ्नो परिवार र समाजबाट भोग्नु परेको कलंक, उपेक्षा र निन्दाका कारण उनको पारिवारिक र वैवाहिक जीवनमा अवरोध परेको समितिको विचार रहेको छ। मथिका कुराहरु विचार गर्दा, समितिले अनुबन्धको धारा १७ र २३(१) को उल्लंघन गरेको पाउँदछ ।

७.९ समितिले निवेदकले विभिन्न मार्गहरु अपनाउँदा पनि निवेदकको गिरफ्तारी र हिरासतमा रहँदा भएका उल्लंघनको अनुसन्धानको कमीका सम्बन्धमा लगाएको आरोपलाई विचार गर्यो। समितिले थप टिपोट गर्यो कि नेपाली अधिकारीहरूले निवेदकको उजुरी दर्ता गर्न अस्वीकार गर्नुको कारण आधार घरेलु कानून बमोजिम बलात्कारको अपराधमा लागु हुने ३५ दिने हदम्यादमा आधारित छ। समितिले आफ्नो नजिर स्मरण गराउँदछ जसमा बलात्कारको उजुरी गर्नका लागि त्यस्तो अनुचित छोटो हदम्याद अपराधअको गम्भिरता र प्रक्रितीसँग विसंगत छ र यसले महिला र बालिकाहरु, जो मुख्यतया बलात्कारको शिकार भएका असंगत हुन्छन, मा नकारत्मक असर पार्दछ।[३३] प्रस्तुत मुद्दामा, सहनु परेको

---

[३१] See, communication No. 2245/2013, Purna Maya v. Nepal, Views adopted 23 June 2017, para. 12.7.

[३२] See, for instance, Nepal Conflict Report (2012), p. 165.

[३३] See, Concluding Observations on Nepal, CCPR/C/NPL/CO/2, para. 13, in which the Committee expressed concern at the lack of progress in abolishing the 35-day limitation period for filing complaints of rape; and communications No. 1863/2009, Maharjan v. Nepal, para. 7.6 and No. 2245/2013, Purna Maya v. Nepal, Views adopted 23 June 2017, para. 12.5.

आघातका कारण, निवेदकको समाजमा हुने सामाजिक लज्जा र लान्छना र सम्भावित उपलब्ध कानुनी अवसरहरूमा जानकारीको पहुँचको कमीका कारण निवेदकले आफुले भोग्नु परेका उल्लङ्घनका लागि न्याय खोज्न सक्षम हुन ९ वर्ष बित्यो।[३४] पक्ष राष्ट्रले बलात्कार पीडितको लागि न्यायको पहुँच बढाउन प्रतिबद्ध भएको कुरालाई समितिले ध्यान दियो (अनुक्षेद ४.४) र २०१८ मा, पक्ष राष्ट्रले आफ्नो फौजदारी संहितामा संशोधन गरी बलात्कार र अन्य यौन अपराधको लागि उजुरी दर्ता गर्ने हदम्याद ६ महिना बाट बढाएर १ वर्ष[३५] पुर्याएको पनि टिपोट गऱ्यो। यद्यपि, यो नयाँ नियम पनि अपराधको गाम्भिर्यता अनुरूप अभएको समितिले विचार गर्यो।

७.१० माथिको प्रकरणका आधारमा, तत्कालको नेपाली कानून बमोजिम बलात्कारको अपराधमा लागु हुने हदम्यादले निवेदकलाई न्याय प्राप्त गर्नबाट रोकेको भन्ने र अनुबन्धको धारा २(३) अलगै र साथै धारा ३,७,९,२४ र २६ सहित उल्लङ्घन भएको भन्ने समितिको निष्कर्श छ ।

८. ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत कार्यरत रही यस समक्ष प्रस्तूत तथ्यहरुले पक्ष राष्ट्रले धारा ७ र २४(१), धारा २(१) एक्लै र धाराहरु ७, २४(१) र २६ सहित, धारा ८(३) एक्लै र धाराहरु ७, २४(१) र २६ सहित, धारा ९, एक्लै र धाराहरु २(३) र २४(१) सहित, धाराहरु १७ र २३(१), र धारा २(३), एकलाई र धरहरु ३, ७, २४ र २६ सहित उल्लङघन गरेको समितिको धारणा छ ।

९. अनुबन्धको धारा २ को प्रकारण ३(क) को देहाय बमोजिमका काम समेत गरी प्रभावकारी उपचार प्रदान गर्नुपर्ने पक्ष राष्ट्रको दायित्व हुन्छ । अनुबन्धले दिएको अधिकारको उल्लङ्घन भएका व्यक्तिहरुको पूर्ण परिपूरण प्रदान गर्न आवश्यक छ । त्यसकारण पक्ष राष्ट्रले यि कुरामा ध्यान दिन बाध्य छ : (क) सुश्री न्यायाको गिरफ्तारी, थुना र बलात्कारको बारे र उनले हिरासतमा भोगेको व्यवहारको बारेमा तथ्यहरूको गहन र प्रभावकारी अनुसन्धान गर्न; (ख) उल्लङ्घन गर्ने जिम्मेवार व्यक्ती माथि अभियोग लगाउने र दण्ड दिने; (ग) निवेदकलाई अनुसन्धानको नतिजा बारे विस्तृत जानकारी प्रदान गर्नु पर्ने; (घ) आवश्यक र पर्याप्त मनोवैज्ञानिक पुनर्वास र चिकित्सा उपचार निः शुल्क निवेदकलाई प्रदान गर्ने सुनिश्चित गर्नु पर्ने; (ङ) निजी समारोहमा आधिकारिक माफी माग्ने व्यवस्था सहीत उल्लङ्घनको लागि निवेदकलाई प्रभावकारी, पर्याप्त क्षतिपूर्ति र सन्तोषको उचित उपायहरू प्रदान गर्नु पर्ने, भविष्यमा पनि यस्तै प्रकारको उल्लङ्घन हुनबाट रोक्नका लागि कदम चाल्ने पक्ष राष्ट्रको दायित्व हो । विशेष गरी, पक्ष राष्ट्रले सुनिश्चित गर्नुपर्दछ कि सो को कानूनले (i) यातनालाई अपराधीकरण गरी अपराधको गाम्भिर्यता अनुरूप सजाय र उपचार प्रदान गर्ने; (ii) बलात्कारको परिभाषा र यौन हिंसाका अन्य प्रकारहरूलाई अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसार अनुकूल बनाउने; (iii) बलात्कारका घटनाहरू, यौन हिंसा र यातनाका अन्य प्रकारहरूले द्रुत, निष्पक्ष र प्रभावकारी अनुसन्धान हुने प्रत्याभूति गर्ने[३६], (iv) त्यस्ता अपराधहरूका

[३४] See paras. 2.9 and 2.10.

[३५] Chapter 18, Section 229 (2) of the new Nepalese Criminal Code, Act 2074 (2017), entered into force in August 2018.

[३६] See, Neupane and others v. Nepal (CCPR/C/120/D/2170/2012), para 11.

लागि जिम्मेवारहरूको आपराधिक अभियोजनको लागि अनुमति दिनेछ, र (v) उजुरी दर्ता गर्न र न्यायको लागि प्रभावकारी पहुँचमा बाधा पुर्याउने अवरोधहरू हटाउनु पर्ने र पीडित महिला र बालिकाहरु विरुद्ध हुने बलात्कार र अन्य प्रकारका यौन हिंसाका पीडितहरुलाई, यातनाका रूपमा, क्षतिपूर्ति दिनु पर्ने,त्यस्ता अपराधको गाम्भिर्यता अनुरूप  हदम्यादमा उल्लेखनीय वृद्धि पनि गर्नु पर्ने।[३७]

१०. ऐच्छिक आलेखको पक्ष राष्ट्र भएर पक्ष राष्ट्रले अनुबन्धको उल्लंघन भएको वा नभएको भन्ने निश्चय गर्ने समितिको सक्षमता स्वीकार गरेको थियो, र अनुबन्धको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो शासित क्षेत्रभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिहरुलाई अनुबन्धमा उल्लिखित अधिकार सुनिश्चित गर्ने र उक्त अधिकार हनन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वयन योग्य उपचार उपलब्ध गराउने दायित्व स्वीकार गरेको छ । समितिले दिएको धारणा कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रले अपनाएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा समितिले गरेको छ । साथै, यी धारणालाई प्रकाशन गर्न र पक्ष राष्ट्रको सरकारी कामकाजका भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न र गराउन पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।

[३७] See, Concluding Observations on Nepal, CCPR/C/NPL/CO/2, para. 13. See also *Prosecutor v. Furundzija,* Judgment, International Criminal Tribunal for the former Yugoslavia ICTY-95-17/1 (10 December 1998).